# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सामूहिक दूर्घटना बीमा सम्बन्धी सूचना

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

यस मन्त्रालय र राष्ट्रिय बीमा कम्पनी लि बीच मिति २०७८।१२।०६ मा भएको सम्झौता बमोजिम सबै संघीय निजामती कर्मचारीको मिति २०७८।१२।०६ देखि २०७९।०५।२० सम्मको लागि रु १० लाखको सामूहिक दूर्घटना बीमा भै सबै निकायमा परिपत्र समेत भैसकेको र यस मन्त्रालयको वेवसाईटमार्फत जानकारी गराईएको व्यहोरा विदितै छ । यस किसिमको सुविधा सम्बन्धि व्यवस्थाको जानकारी नभएका कारण जोकोही सुविधाको अवसरबाट बञ्चित हुन नपरोस् भन्ने ध्येयले पुन: यो सूचना प्रकाशन गरिएको छ । सङ्घीय निजामती कर्मचारीको दूर्घटना भै मृत्यु, स्थायी पूर्ण अशक्तता, स्थायी आंशिक अशक्तता, अस्थायी पूर्ण अशक्तता र औषधीउपचार गर्नु परेमा बीमाको सुविधाबमोजिम औषधीउपचार वापत रु १ लाखसम्म र मृत्युको हकमा बीमा वापत रु १० लाखसम्मको सुविधा प्राप्त हुने भएकोले सम्बद्ध कर्मचारीले दूर्घटना भएको मितिले ३५ दिनभित्र राष्ट्रिय बीमा कम्पनी वा सो मातहतका कार्यालय एवं यस मन्त्रालयलाई समेत जानकारी गराउनु हुन सूचित गरिन्छ ।

मिति : २०७९।०३।२८

कर्मचारी कल्याण शाखा

सिंहदरवार